जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३०  अंक २५७  २०७८ साल असार १८ गते शुक्रबार (2 July 2021 Friday)  मूल्य रु. ५/-

Log on : rajbirajdainik.com.np

२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु

- मौखिक वा विद्युतिय माध्यमबाट कसूरको सूचना दिन सकिने,
- पक्राउ गर्नु अघि मुद्दा हेर्ने अधिकारीबाट पक्राउ पूर्जी जारि गर्नु पर्ने,
- सरकार वादी हुने फौजदारी कसूर सम्बन्धमा मुद्दा नचलाउने निर्णय गरिएमा जाहेरवाला वा पीडितलाई सूचना दिनु पर्ने,
- अभियुक्तले कसूर स्वीकार नगरेको अवस्थामा मुद्दामा ठहर गर्नु कुरा यकिन गर्न अदालतले वादी प्रतिवादीबीच छलफल गगराउन सक्ने,
- अदालतको अधिकारक्षेत्र र हदम्याद सम्बन्धी विषयमा पहिले निर्णय गर्नु पर्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

यस अंक भित्र : २ पृष्ठमा : महामारी नियन्त्रणका लागि ... ३ पृष्ठमा : ष्ट्रियसभा बैठकमा नागरिकतालगायत ... ३ पृष्ठमातालिबानको आक्रमण...

# सप्तरीका अधिकांश सडकको अवस्था वेहाल

## सडकको पानीले निकास नपाउँदा सडक मै पानी



**दैनिक समाचारदाता**
**राजविराज, १७ असार ।**

सप्तरीका अधिकांश सडकको अवस्था वेहाल भएको छ । जिर्ण सडकको मर्मत तथा नयाँ सडकको निर्माण कार्य समयमै सम्पन्न हुन नसक्दा सडकहरु वर्षायाममा हिलम्मे भएको छ ।

निर्माण कार्यमा आवद्ध ठेकेदार कम्पनीले ढिलाई तथा निर्माण भइसकेका सडकको पानीले निकास पाउन नसक्दा जिल्लाका अधिकांश सडकमा अहिले पानी जम्नुका साथै हिलोमय हुँदा पैदल हिड्न र सवारीसाधन संचालनमा समस्या भएको छ ।

सडकको विभिन्न स्थानमा खाल्डा खुल्डी तथा पानी र हिलो जमेर आवागमन कष्टकर बन्नुका साथै सवारी दुर्घटना हुने सम्भावना समेत बढेको छ ।

लगातार दुई दिनदेखी भइरहेको वर्षाका कारण जिल्ला सदरमुकाम राजविराज-रुपनी, राजविराज-तिलाठी, पातो-कठौना, महदेवा-पकरी, भारदह-बरमभ्रिफया लगायत हुलाकी सडकखण्डको अवस्थता अत्यन्त कहालिलाग्दो रहेको छ ।

यस्तै राजविराज नगरपालिकाको मुख्य बजारसहित विभिन्न वडाका सडकहरुमा वर्षाको पानीले निकास नपाउँदा सर्वसाधारण समस्यामा परेका छन् । नाला निर्माण भइसकेका ठाउँमा पनि पानीको निकास नहुँदा नगरको अदालत रोड, सिरहा रोड, हिमालय टोल, कुनौली सडक लगायतका सडक जलमग्न भई आवागमन कष्टकर बनेको छ ।

यस्तै कठौना-पातो, भारदह-बरमभ्रियाबीचको सडक धान रोप्ने खेत जस्तै भएको छ । कठौना-पातो सडक खण्डमा अधिकांशले चप्पल जुत्ता हातमा लिएर ओहोर-दोहोर गर्छन् । बाहिरबाट आएकाहरु पनि चप्पल जुत्ता हातमै बोकेर ओहोर दोहोर गर्ने तथा गाउँमा अत्यावश्यक गाडी ओहोर दोहोर गर्न नसकेको स्थानियवासी महेन्द्र सदा बताउँछन् ।

महदेवा-पकरी सडक खण्डको अवस्था पनि उस्तै छ । सडकभरी हिलो नै हिलो छ । वर्षणी वर्षायाममा उत्पन्न हुने यस्तो समस्याको स्थायी समाधान खोज्न सम्बन्धीत पालिकासँग स्थानियले माग गरेका छन् ।

# भ्रामक सूचनामा विश्वास नगर्न राष्ट्र बैंकको आग्रह

काठमाडौं, १७ असार (रासस) ।

नेपाल राष्ट्र बैंकले भ्रामक सूचनामा विश्वास नगर्न आग्रह गरेको छ । पछिल्लो समय सामाजिक सञ्जाल (फेसबुक) बाट भ्राकम सूचना पोष्ट भइरहेको भन्दै बैंकले बिहीबार एक विज्ञप्ती जारी गर्दै कुनै पनि सूचनामा विश्वास नगर्न आग्रह गरेको हो ।

बैंकले आफ्नो नाममा फेसबुक पेज बनाएर भ्रामक जानकारी तथा सूचना पोष्ट भइरहेकामा गम्भीर ध्यानकर्षण भएको जनाएको छ । हालसम्म नेपाल राष्ट्र बैंकको कुनै पनि आधिकारिक फेसबुक पेज नरहेको र कुनै पनि प्रकारको सूचना जानकारी तथा आब्हान फेसबुक पेजमार्फत नगरिएको राष्ट्र बैंकले जनाएको छ ।

“हालसम्म राष्ट्र बैंकको कुनै

***बाँकी तीन पृष्ठमा***

## कमला नदीमा बहाव बढ्यो, सचेत रहन आग्रह



लहान, १७ असार (रासस) ।

अविरल वर्षासँगै कमला नदी पानीको बहाव निरन्तर बढ्दै गएपछि स्थानीय प्रशासनले नदी क्षेत्रका स्थानीयवासीलाई सतर्क रहन आग्रह गरेको छ ।

सिरहाका प्रमुख जिल्ला अधिकारी प्रदीपराज कँणेलसहितको सुरक्षा निकायका प्रमुखहरुको टोलीले कमला क्षेत्रको निरीक्षण गरी नदीमा पानीको बहाव बढेकाले सचेत रहन स्थानीयवासीलाई गरेको हो ।


सिन्धुलीतर्फको बहाव तीन मिटर र सोभन्दा तल अर्थात सिरहा तथा धनुषातर्फ डेढ मिटर बढेको जनाइएको छ ।

२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहतामा रहेका मुख्य व्यवस्थाहरु

- जवर्जस्ती करणी गरी ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने,
- क्रुर यातना दिई वा निर्ममतापूर्वक ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने,
- सार्वजनिक रुपमा उपभोग हुने पेय वा खाद्य पदार्थमा विष हाली ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



## सम्पादकीय

# दीर्घकालिन नीति बनाउनु आवश्यक

असार महिना भन्ने बित्तिकै हामी खेती गर्ने समयलाई बुझ्ने गर्दछौं । यस महिनामा किसानहरु धान रोप्न व्यस्त हुन्छन् । असार महिनामा वर्षा पनि निकै हुने गर्दछ । जसकारण खेती गर्नेहरुलाई निकै राहत हुन्छ । वर्षा भएन भने विभिन्न खोला नदी लगायतबाट खेतीका लागि पानीको व्यवस्था गरिन्छ । यस बाहेक किसानहरुले गरेको सिंचाईको माध्यमबाट खेती गरिन्छ । यो त भयो किसानहरुको असार महिना ।

यस्तै असार महिनालाई बजेट सकाउने महिना पनि भनिन्छ । वर्षभरि नसकेको बजेट यही महिनामा जसोतसो कागजमा भएपनि बजेट सकाउने गरिन्छ । प्राय सरकारी बजेटको यही महिनामा सदुपयोग भनौं वा दुरुपयोग हुने गर्दछ । हतार हतारमा विकासीय कार्य गर्ने परिपाटी पनि यही महिनामा हुन्छ । अर्को तिर असार महिनामा अत्याधिक वर्षा हुने गर्दछ । अत्याधिक वर्षाका कारण बाढी समेत आउने गर्दछ । तर, बाढीबाट क्षतिलाई न्युनिकरण गर्न कुनै पनि निकायले दिर्घकालिन नीति बनाएको देखिन्न् । यस परिस्थितिबाट सबै अवगत हुँदा हुँदै पनि यसबारे कोही गम्भिर भएको देखिन्न् ।

जबसम्म कुनै कार्यका लागि दिर्घकालिन नीति, नियम बनाइदैन तबसम्म समस्या झनै बढ्दै जान्छ । तसर्थ किसानको समस्या होस् वा बजेटको सदुपयोग होस् वा बाढीको समस्या यस बारे आर्थिक वर्षको सुरुदेखी नै दिर्घकालिन नीति बनाउनु आवश्यक छ । अनिमात्र समस्या समाधान हुन सक्छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# ‘महामारी अन्त्य हुन समय लाग्छ, सबैलाई खोप सुनिश्चित गर्न विश्वव्यापी पहल आवश्यक’

काठमाडौँ, १७ असार (रासस) ।

“रेडक्रस तथा रेडक्रिसेण्ट सोसाइटीहरूको अन्तरराष्ट्रिय महासङ्घ (आइएफआरसी) का महासचिवमा अब ‘कुशल, अतियोग्य, क्षमतवान् तथा नयाँ गतिशीलता प्रदान गर्ने’ जगन्नाथ चापागाइँले नेतृत्व सम्हाल्नुहुने छ ।”

आपत्कालीन मानवीय सेवामा तल्लीन सर्वोच्च परोपकारी संस्थाका रूपमा परिचित आइएफआरसीका तत्कालीन महासचिव सईले ३१ जनवरी २०२० मा जेनेभामा आयोजित पद हस्तान्तरण कार्यक्रममा आफ्ना उत्तराधिकारीलाई यसरी परिचित गराउनुभएको थियो । उहाँले व्यक्त गर्नुभएका यी शब्द विश्वका १९२ देश सदस्य रहेको आइएफआरसीको सर्वोच्च पद हाम्रा प्रथम नेपाली महासचिव चापागाइँले छोटो अवधिमा मानवीय क्षेत्रमा नवीनतम् कार्य सम्पादन गरी विश्वसामु आफ्नो विद्वतालाई थप परिचित गराउनुभएको छ । आइएफआरसीको ३ डिसेम्बर २०१९ मा बसेको विशेष गभर्निङ बोर्ड बैठकले एशियाबाटै पहिलोपटक उहाँलाई बहुमतद्वारा सो पदमा निर्वाचित गरेको थियो । बोर्डमा विश्वका शक्तिशाली २९ देश छन् ।

विगत २५ वर्षदेखि रेडक्रस अभियानमा निरन्तर क्रियाशील ५२ वर्षीय तत्कालीन उपमहासचिव चापागाइँले १ फेब्रुअरी २०२० देखि आइएफआरसीको महासचिवको जिम्मेवारी सम्हाल्नुभएको थियो । उहाँले पदभार सम्हाल्दै गर्दा चीनमा कोभिड-१९ को सङ्क्रमण वृद्धि भइरहेको थियो भने सङ्क्रमणले अन्य देशमा विस्तारै ‘महामारी’को रूप लिँदै थियो । उहाँले राससससँग भन्नुभयो, “कोभिड-१९ को सङ्क्रमणको शुरुआती दिनमा मैले विशेष गरी सङ्कटासन्न समुदायलाई सङ्क्रमणबाट जोगाउन, यसको उपचार तथा जीवन रक्षामा आफ्नो ध्यान केन्द्रित गरेँ । यसका लागि आवश्यक जनस्वास्थ्यका मापदण्ड पालना तथा आवश्यक स्वास्थ्य सामग्री सहयोगका कार्यक्रम सञ्चालन भयो । यो अहिले पनि जारी छ । खोपको सफल परीक्षण पछि सबैलाई खोपको सुनिश्चिता गर्न पहल जारी छ । हाम्रा संयन्त्र यसैमा बढी परिचालित छन् ।”

आइएफआरसीले आफ्नो कार्यादेशअनुसार जलवायु परिवर्तनले निम्त्याएका र प्राकृतिक तथा मानव सिर्जित विपद् न्यूनीकरण तथा पीडितलाई महामारीका बीचमा पनि सहयोग निरन्तर जारी राखेको छ । करिब १८ महिनाका अवधिमा नै उहाँले मानवीय सेवाका क्षेत्रमा पुऱ्याउनुभएको कामले आइएफआरसीका सदस्य देशमा प्रशंसा कमाएको छ ।

विश्वका धनी तथा शक्तिशाली देशको सङ्गठन ‘जी सेभन’ को हालै सम्पन्न बैठक पनि खोपमा नै कन्द्रित थियो । बैठकमा सहभागी शीर्ष राजनेताले महासचिव चापागाइँको मानवीय सेवालाई खुलेर प्रशंसा गर्नुभएको समाचार सार्वजनिक भएका थिए । सो बैठक आयोजना हुनु अगाडिदेखि आइएफआरसीले ‘कोभ्याक्स’ अन्तर्गत विकासोन्मुख तथा गरीब देशहरूलाई खोप सहयोग गर्न निरन्तर पैरवी गर्दै आएको थियो । महासचिव चापागाइँले भन्नुभयो, “जी सेभेनले गरीब देशलाई खोप सहयोग गर्ने प्रतिबद्धता जनाउँदा असाध्यै खुशी लागेको छ । अब यसको न्यायोचित वितरण हुनुपर्छ ।” सन् २०२२ सम्म जी सेभेनले लगभग बिलियन डोज खोप प्रदान गर्ने प्रतिबद्धता जनाएका बताएको छ ।

एक अध्ययनका अनुसार सो प्रतिबद्धता आवश्यकताभन्दा दश प्रतिशत कम नै हो । विश्वका सबैभन्दा गरीब ५० देशले दुई प्रतिशत मात्र खोप पाएका छन् । यी देशमा विश्वका १७ प्रतिशत जनसङ्ख्या बसोबास गर्दछन् । रोग प्रतिरोधात्मक क्षमताका लागि देशभित्र र अन्तरराष्ट्रियस्तरमा ६० देखि ७० प्रतिशत मानिसलाई खोप लगाइनुपर्छ । उहाँले भन्नुभयो, “ कोरोना विरुद्धको खोप समाजका सबै वर्ग र क्षेत्रमा पुग्नुपर्दछ । सुविधा सम्पन्न वर्ग र क्षेत्रमा मात्र सीमित हुनुहुन्न । निश्चित क्षेत्रका जनसङ्ख्याले खोप पाएनन् भने महामारी निरन्तर जारी रहन्छ । खोप समानताका साथै यसलाई व्यवस्थित गर्न आवश्यक छ । हामी राष्ट्रहरूका बीचमा र राष्ट्रहरू भित्रै कोभिड-१९ खोपको उत्पादन, वितरण र समतामूलक पहुँच वृद्धि गर्नका लागि सबै सम्भावित उपाय मनन गर्न राष्ट्रलाई प्रेरित गर्दछौं ।”

उहाँले सबै वर्ग, क्षेत्र र समुदायका मानिसको पाखुरासम्म खोप पुऱ्याउने अभियानमा स्वयंसेवी रेडक्रस तथा रेडक्रिसियन्टकर्मी समुदायसँग साथ साथमा अहोरात्र खटिरहेका जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “महामारीको अन्त्य हुनु भनेको केवल द्रुततर दरमा धेरै खोप प्राप्त हुनु मात्र होइन । खोप प्राप्त गरेदेखि मानिसको पूर्ण स्वीकृतिका साथ उनीहरूको पाखुरासम्म नपुगुन्जेल आवश्यक पूर्वाधार र मानवीय स्रोतका लागि राष्ट्रले सुनिश्चित गर्नु पनि हो । हामीले पहिले धेरै उदाहरण देखेका छौँ । खोप प्राप्तकर्ता देशका तयारीमा लगानीको कमीका कारण र खोपका मात्रामा ढिलाइको प्रावधानका कारणले खोप सङ्कटासन्न समूहमा पुग्नुपूर्व नै म्याद सकिसकेको हुन्छ । समुदाय परिचालनमा धेरै काम गर्नुपर्दछ । अन्यथा खोप लगाउनेमा हुने हिच्किचावटले कुनै पनि अभियानलाई कमजोर बनाउन सक्छ । खोपको मात्रा प्राप्त गर्ने राष्ट्रमा हामीले देखेकै कुरा हो, आप्रवासी, सीमान्तकृत वा जातीय अल्पसङ्ख्यकसहितका सङ्कटासन्न समुदायका खोपमा समान र सजिलो पहुँच हुन सकेको छैन । समतामूलक खोप नैतिक आवश्यकता हो । सबैजनाले खोप पाउँछन् र सबै ठाउँमा उच्च जोखिमका र सङ्कटासन्न व्यक्तिलाई प्राथमिकता दिइन्छ भन्ने कुरा सुनिश्चित गर्न साझा मानवीय मूल्यमा हामी सबैसँगै आउनुपर्दछ । हामीले कसैलाई पछाडि नछाडी अन्तिम गन्तव्यसम्म पुग्न र कसैलाई छुटाएको छैन भन्ने सुनिश्चितताका लागि कडा मेहेनत गरिरहेको छौँ ।”

### महामारी नियन्त्रण कानून आवश्यक

उहाँका अनुसार देशहरूका बीचमा विशेष गरी स्वास्थ्य क्षेत्रमा सहकार्य हुन नसक्दा कोभिड-१९ ले विनाशकारी र क्रुररूप देखायो । समयमा कोभिडसँग सामूहिकरूपमा जुध्न सकिएको भए यसले ‘महामारी’को रूप लिन नसक्ने आइएफआरसीले आँकलनसमेत गरेको छ । आगामी दिनमा यस्तो गल्तीबाट जोगिन ‘अन्तरदेशीय महामारी रोकथाम तथा नियन्त्रणसम्बन्धी कानून’ तथा घरेलु कानून आवश्यकता रहेको उहाँ औँल्याउनुहुन्छ । आइएफआरसीले महामारी कानूनका लागि विश्व स्वास्थ्य सङ्गठनको पछिल्लो सभामा पैरवीसमेत गरेको बताएको छ । महासचिव चापागाइँले भन्नुभयो, “महामारीलाई नियन्त्रण गर्न र सामूहिकरूपमा जुध्न महामारी कानूनले सहयोग गर्छ । एउटा सफल सन्धिले विशेष गरी स्वास्थ्य स्वयंसेवक र अन्यलाई महामारी रोकथाम र पूर्वतयारीमा थप सहयोग गर्छ । साथै घरेलु र अन्तरराष्ट्रिय लगानीमा प्रोत्साहन र विश्वव्यापी समानतालाई प्रतिबद्धसमेत गर्छ । परीक्षण, खोप र उपचारको पहुँचसहित महामारीबाट सुरक्षित हुन आप्रवासी र शरणार्थीसहित सबैको अधिकारलाई जोड दिन्छ । यसले महामारी पूर्वतयारीका लागि अझ राम्रो र समान राष्ट्रिय तथा क्षेत्रीय ढाँचाको आवश्यकतालाई पनि रेखाङकित गर्दछ । महामारी समुदायबाटै शुरूआत हुन्छ र समुदायमै अन्त्य हुन्छ । यो कुरालाई इबोला महामारीले पुष्टि गरिसकेको छ ।”

आइएफआरसीमा आबद्ध देशीय रेडक्रस र रेडक्रिसेन्ट सोसाइटीमा आबद्ध स्वयंसेवक तथा कर्मचारी कोभिड-१९ प्रतिकार्यमा अग्रपङ्क्तिमा जुटिरहेका छन् । महामारीका समयमा लाखौं मानवीय सहायता, जनस्वास्थ्य र रोकथामका उपाय लिई स्वयंसेवक समुदायमा परिचालन भइरहेका उसले जनाएको छ । उहाँले भन्नुभयो, “स्वास्थ्य सङ्कटकालमा स्वास्थ्य योजनाको तयार गर्ने, जानकारी लिने र प्रतिकार्य गर्ने सबै योजना तर्जुमा र कार्यान्वयन प्रयासमा समुदाय केन्द्रमा हुनुपर्दछ । समुदाय नै ती हुन् जसले अन्ततः रोगको विस्तारलाई अन्त्य गर्नेछन् । यसको लागि रोगको महामारीले नराम्रोसँग प्रभाव पार्ने स्थानका सहज पहुँच नभएका जनसङ्ख्याको लागि पहुँच पुऱ्याउन तिनीहरूमा अझ बढी लगानी, प्रशिक्षण, सुरक्षा र सहयोग आवश्यकता छ । यो विशेष गरी कमजोर स्वास्थ्य प्रणाली र अपर्याप्त पूर्वाधार भएका देशहरूमा महत्वपूर्ण छ । पूर्वतयारी र रोकथाममा सामान्य लगानीले ठूलो प्रतिफल दिन्छ । ”

आइएफआरसीले जलवायु र बातावरण बडापत्र अनुमोदनका लागि पनि जोड दिइरहेको छ । ती दुई क्षेत्रले भविष्यमा मानवीय सङ्कट निम्त्याउने खतरा औँल्याउँदै उसले यसबाट गरीब र सीमान्तकृत समुदायलाई बढी असर पुऱ्याउने जनाएको छ ।

### नेपाललाई सहयोग जारी छ

कोभिड-१९ को दोस्रो लहरले दक्षिण एशिया बढी प्रभावित बनेको छ । खासगरी नेपाल र भारतमा उच्च सङ्क्रमण तथा मृत्युदर रह्यो । महासचिव चापागाइँले कोभिडसँग जुधिरहेका नेपाललगायत अन्य देशमा जीवन बचाउन र जोखिममा रहेकालाई पर्याप्त स्वास्थ्य सेवा र खोपको पहुँच पुऱ्याउन सहयोग जारी रहेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “सङ्क्रमणको दर केही क्षेत्रमा स्थिर वा कम हुन सक्छ । यद्यपि अस्पतालमा अझै बिरामी धेरै छन् । यसैले आइएफआरसीले नेपाल र भारतसहित सङ्क्रमण दर उच्च रहेका देशमा रेडक्रस र स्वास्थ्यकर्मीसँग सहकार्य गर्दै जीवन बचाउने अक्सिजन उपकरण र अन्य स्वास्थ्य सामग्री आपूर्ति गर्दै आएको छ ।”

नेपाल रेडक्रसका अनुसार आइएफआरसीले कोभिड-१९ को शुरुआती चरणमा कोभिड उपचारका लागि स्वास्थ्य संस्थामा उपकरण तथा स्वास्थ्यकर्मीका क्षमता अभिवृद्धि, स्वास्थ्यकर्मीलाई आवश्यक पर्ने पिपिई, मास्क, स्यानिटाइजर सहयोग गरेको थियो भने पछिल्लो चरणमा अक्सिजन कन्सन्ट्रेटर, अक्सिमिटर, थर्मल गन शव व्यवस्थापनका लागि झोला लगायतका सामग्री तथा खोपका लागि समन्वय समेत गरेको छ ।

महासचिव चापागाइँले महामारी सकिन समय लाग्ने जनाउँदै खोपसहित अन्य स्वास्थ्य सामग्री तथा प्रविधिहरू बाँड्न तथा खोपको समतामूलक पहुँचका लागि विश्वमा सामूहिक प्रयास आवश्यकता औँल्याउनुहुन्छ । आफ्नो कार्यकालको १८ महिनालाई कसरी मूल्याङ्कन गर्नुहुन्छ ? भन्ने जिज्ञासामा उहाँले भन्नुभयो, “कोभिड-१९ को महामारीको शुरुआती चरण अर्थात् १ फेब्रुअरी २०२० मा मैले आइएफआरसीको महासचिवको कार्यभार लिएँ । विगत १८ महिनालाई फर्केर हेर्दा अहोरात्र कोभिडबाट संकटासन्न समुदायलाई कसरी बचाउँने भन्नेमा मैले समय लगाए । अहिले पनि यो कार्य जारी छ । मानवीय सेवामा तल्लीन हुन पाउँदा गौरवान्वित बोध भएको छ । चुनौतीका पहाडसँग अहोरात्र जुध्न प्रयासरत छु । महामारीमा अन्तरराष्ट्रियस्तरका व्यक्ति नखटिकन स्थानीय प्रतिकार्य समूहले कसरी काम गर्न सक्दछन् भन्ने कुरा वास्तवमा नै विश्वव्यापी परीक्षण भएको छ । रेडक्रस र रेड क्रिसेन्ट सोसाइटीमा आबद्ध लाखौं स्वयंसेवीले मानवीय सेवा तथा कोभिड-१९ विरुद्धको प्रतिकार्यलाई निरन्तर जारी राखेका छन् । कोरोनाले हाम्रो आफ्नै अपरेशन पनि गहिरो रूपमा प्रभावित भयो र परीक्षण भयो । हाम्रो कर्मचारी र स्वयंसेवकले काम गर्ने नयाँ तरिका अनुकूलन गर्नुपऱ्यो । घरबाट, भर्चुअल र एक

बाँकी तीन पृष्ठमा

# राष्ट्रियसभा बैठकमा नागरिकतालगायत १६ अध्यादेश पेश

काठमाडौं, १७ असार (रासस) । राष्ट्रियसभाको बिहीबारको बैठकमा १६ अध्यादेश पेश भएका छन् । बिहीबारदेखि प्रारम्भ आठौं अधिवेशनको पहिलो बैठकमा प्रधानमन्त्रीका तर्फबाट कानून, न्याय तथा संसदीय मामिलामन्त्री लीलानाथ श्रेष्ठले संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) अध्यादेश, २०७७ तथा शपथसम्बन्धी अध्यादेश, २०७८ अध्यादेश पेश गर्नुभयो ।

उहाँले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) अध्यादेश, २०७७, फौजदारी कसूर तथा फौजदारी कार्यविधिसम्बन्धी केही ऐन संशोधन गर्ने अध्यादेश, २०७८ र यौन हिंसाविरुद्धका केही ऐनलाई संशोधन गर्ने अध्यादेश, २०७८, पेश गर्नुभयो ।

यसैगरी उपप्रधानमन्त्रीका तर्फबाट भौतिक पूर्वाधार तथा यातायातमन्त्री वसन्तकुमार नेम्वाङले नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०७८, नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरीवेक्षण र समन्वय) (पहिलो संशोधन) अध्यादेश, २०७८, सामाजिक सुरक्षा (पहिलो संशोधन) अध्यादेश, २०७८ र तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) अध्यादेश, २०७८, आर्थिक अध्यादेश, २०७८, विनियोजन अध्यादेश, २०७८ र राष्ट्र ऋण उठाउने अध्यादेश, २०७८ बैठकमा पेश गर्नुभयो ।

मन्त्री नेम्वाङले रेल्वे अध्यादेश, २०७८ पनि बैठकसमक्ष पेश गर्नुभयो । बिहीबारकै बैठकमा स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री कृष्णगोपाल श्रेष्ठले स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी (पहिलो संशोधन) अध्यादेश, २०७८, कोभिड-१९ सङ्कट व्यवस्थापन अध्यादेश, २०७८ र औषधि (तेस्रो संशोधन) अध्यादेश, २०७८ पेश गर्नुभयो ।

बैठकले राष्ट्रियसभाका पूर्वसदस्य गंगादत्त जोशी, डा शंकरप्रसाद उप्रेती, ऐश्वर्यलाल प्रधानाङ्ग, प्रा विदुर पौडेल, प्रतिनिधिसभाका पूर्वसदस्य एकनाथ रानाभाट, कुबेरप्रसाद शर्मा, मोतीप्रसाद पहाडी, हरिभक्त अधिकारी, कृष्णसिंह परियार, रत्नप्रसाद न्यौपाने, योगनारायण यादव एवम् तत्कालीन संविधानसभा सदस्य दिनेशचन्द्र यादव, अशोक कोइराला, नवीन्द्रराज जोशी, लक्ष्मीदेवी भण्डारी, मोहम्मदी सिद्धिकी, शिवबहादुर खड्का, रवनी चौधरी तप्तबहादुर विष्ट र पशुपति चौलागाईंको निधनमा शोक प्रस्ताव पारित गरेको थियो ।

बैठकमा यसअघि अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले राष्ट्रियसभाको अधिवेशन आह्वानसम्बन्धी राष्ट्रपतिबाट प्राप्त पत्रको बेहोरा पढेर सुनाउनुभएको थियो । साथै उहाँले राष्ट्रपतिको कार्यालयबाट विभिन्न मितिमा सरकार गठन, मन्त्रिपरिषद् विस्तार तथा कार्यविभाजन र जिम्मेवारी हेरफेरसम्बन्धी राष्ट्रियसभालाई प्राप्त पत्रको बेहोरा पनि पढेर सभालाई जानकारी गराउनुभएको थियो । राष्ट्रियसभाको अर्को बैठक यही असार २० गते अपराह्न १ बजे बस्नेछ ।

# वाम र प्रजातान्त्रिक शक्तिबीचको एकता र सहकार्यमा जोड

काठमाडौं, १७ असार (रासस) । राष्ट्रियसभाको बिहीबारको बैठकमा सदस्यले मुलुकका सबै वाम र प्रजातान्त्रिक शक्तिबीच एकता र सहकार्यमा जोड दिनुभएको छ ।

बिहीबारदेखि प्रारम्भ भएको आठौं अधिवेशनको पहिलो बैठकमा उहाँहरुले संविधानमा भएका व्यवस्थाको रक्षा गर्नुपर्ने बेला आएको बताउनुभयो ।

सत्ता पक्षका नेता सुमनराज प्याकुरेलले राजनीतिक समस्याको समाधान जनप्रतिनिधिमूलक संस्थाबाट राजनीतिक रुपमै हुनुपर्नेमा जोड दिदै हरेक विषयलाई न्यायालयमा लैजाने प्रवृतिप्रति सचेत रहनुपर्ने धारणा व्यक्त गर्नुभयो । सरकारले ल्याएका विधेयक अत्यावश्यक भएकाले ल्याइएको उहाँको जिकिर थियो ।

राष्ट्रियसभामा नेपाली कांग्रेसका नेता राधेश्याम अधिकारीले बेरोजगारी बढेको तथा शिक्षा, स्वास्थ्य, सामजिक, पर्यटन, कृषिलगायत अन्य क्षेत्रले पनि प्रभावकारी काम गर्न नसकेको टिप्पणी गर्दै कोभिड-१९ को रोकथाम तथा उपचार, बाढीपहिरो र डुबानबाट प्रभावितको उद्धार र राहत सम्बन्धमा आवश्यक कार्य गर्न आग्रह गर्नुभयो ।

नेकपा (माओवादी केन्द्र) का दीनानाथ शर्माले संविधान जारी भएपछि सहमति र सहकार्यको संस्कृतिको अभ्यास पर्याप्त हुन नसकेकाले पनि अहिलेको संकट उत्पन्न भएको धारणा व्यक्त गर्नुभयो । उहाँले किसानलाई तत्काल रासायनिक मलको व्यवस्था गर्न र बाढीपहिरो पीडितको उद्धार तथा राहतको व्यवस्था गर्न सरकारसँग माग गर्नुभयो ।

जनता समाजवादी पाटी नेपालका शेखरकुमार सिंह र प्रमिला कुमारीले बाढीपहिरो र डुबानमा परेका जनताको राहतका लागि प्रभावकारी काम गर्न सरकारसँग आग्रह गर्दै मुलुकका वर्तमान समस्या समाधानका लागि सबै दल एकजुट हुनुपर्नेमा जोड दिनुभयो ।

### *'महामारी अन्त्य ...*

अर्काबाट टाढा भएर काम सम्पादन भए । रेडक्रसकर्मीको कोभिडबाट असामयिक निधनसमेत भयो । डर र त्रासको सामना गर्दै काम गर्दा कतिले परिवारका सदस्य त कतिले नजिकका साथी गुमाए ।"

स्वैच्छिकता रेडक्रस आन्दोलनको आधारशीला भएको छ । आगामी दिनमा दिनमा यसको भविष्यलाई तपाईं कसरी हेर्नुहुन्छ ? भन्ने जिज्ञासामा उहाँले आफूले नेपाल रेडक्रसको स्वयंसेवकका रूपमा मानवीय सेवा शुरुआत गरेको बताउनुभयो । उहाँले भन्नुभयो, "अरुलाई कसरी सहयोग गर्नुपर्छ मैले सिकेको छ । स्वैच्छिकतालाई प्रोत्साहन गर्नु आवश्यक छ । रेडक्रस अभियान स्वैच्छिकतामा उभिएको छ । यसको जगका उभिएका स्वयंसेवकको क्षमता अभिवृद्धि तथा स्वयंसेवक बन्न आकर्षित गर्नु जरुरी छ । यो कार्य हामीले गरिरहेका छौं । समुदाय बलियो भएमा मात्र विपद् तथा महामारीसँग जुध्न सक्दछन् ।"

**को हुन् महासचिव चापागाईं ?**

पाँच दशकअघि चितवन दिव्यनगरमा सामान्य परिवारमा महासचिव चापागाईंको जन्म भएको थियो । आठ दाजुभाइ र दुई दिदीबहिनी भएका परिवारमा उहाँ हुर्किनुभएको थियो । उहाँले विसं २०३७ मा भरतपुरस्थित बालकुमारी विद्यालयमा अध्ययन गर्दा जुनियर रेडक्रस सर्कल गठन गरी मानवीय सेवाका यात्रा शुरुआत गर्नुभएको थियो ।

भारतबाट खानी (माइनिङ) इन्जिनीयरिङमा स्नातक अध्ययन गरी भुटानी शरणार्थी शिविरबाट आइएफआरसीका सेवामा उहाँ प्रवेश गर्नुभएको थियो । उहाँले सन् १९९६ जुनमा ताजकिस्तान र सन् २००३ देखि आइएफआरसी दक्षिण एशियामा सञ्चालित सबै मानवीय सहयोगका कार्यक्रम हेर्ने गरी प्रमुखको जिम्मेवारी पाउनुभएको थियो । सन् २००१ मा भारतको गुजरातमा गएको विनाशकारी भूकम्प, सन् २००४ को श्रीलङ्का, मालदिभ्स र भारतलाई नराम्रोसित प्रभावित परेको सुनामी तथा सन् २००५ मा पाकिस्ताको भूकम्पपछि उद्धार तथा राहतमा उहाँले नै नेतृत्व प्रदान गर्नुभएको थियो ।

साथै चीनको सिचुवानको भूकम्प, म्यान्मार र बङ्गलादेशको आँधी पीडितलाई सहयोग पुर्याउन उहाँले नै नेतृत्व प्रदान गर्नुभएको थियो । नेपालमा विसं २०७२ वैशाख १२ गतेको विनाशकारी भूकम्पपछि उहाँ १४ गते काठमाडौं अन्तरराष्ट्रिय मानवीय सहयोगको समन्वयसमेत गर्नुभएको थियो । नेपाल रेडक्रसको इतिहासमा पहिलोपटक दातृ सम्मेलन आयोजना गरी पुन:निर्माण शुरुआतसमेत भएको थियो । आइएफआरसीको सेक्रेटरी काउन्सिलले उहाँलाई सन् २०१५ जुलाईमा निर्देशकको नियुक्ति दिएको थियो । हाल आइएफआरसीको अध्यक्षमा फ्रान्सेस्को रोक्का छन् ।

हेनरी डयुनाले सन् १८६३ मा युद्धका पीडाले छट्पटाइरहेकालाई मानवीय सेवा स्वःस्फूर्त प्रदान गर्न रेडक्रस स्थापना गर्नुभएको थियो । युद्ध र युद्धका परिणाम, प्राकृतिक तथा मानवसिर्जित विपद्, विपद्ले सिर्जना गरेका असर, गरीबी, भोकमरी, विषमता न्यूनीकरण, सङ्कटासन्न समुदायलाई उत्थानशील बनाउनेलगायतका क्षेत्रमा आइएफआरसीले मानवीय सहायता प्रदान गर्दछ । सात लाखभन्दा बढी कर्मचारी र झण्डै दुई करोड स्वयंसेवकको माध्यमबाट करीब एक अर्ब जनसङ्ख्यामा बर्षेनि मानवीय सहायता पुर्याइरहेको जनाइएको छ ।

### *भ्रामक सूचनामा ...*

पनि आधिकारीक फेसबुक पेज नरहेको र यसबाट बैंकको कुनै पनि सूचना तथा जानकारी नगरिएको व्यहोरा सबैलाई जानकारी गर्न चाहान्छौं", विज्ञप्तिमा भनिएको छ । अनाधिकृत रूपमा राष्ट्र बैंकको फेसबुक पेज सिर्जना गरी भ्रामक जानकारी पोष्ट गराउनेलाई साइबर अबराधसम्बन्धी कानुन बमोजिम कारबाही गरिने बैंकले जनाएको छ ।

यसअघि बुधबार नेपाल बैंकर्स सङ्घले आफ्नो बैंक खातासँग सम्बन्धित विवरण अपरिचित व्यक्तिलाई नदिन आग्रह गरेको थियो । पछिल्लो समय विभिन्न सामाजिक सञ्जालमार्फत् अनाधिकृत व्यक्तिले विवरण माग गरेर पैसा माग्ने वा पठाउन लगाउने क्रियाकलाप भइरहेको भन्दै सङ्घले आफ्नो व्यक्तिगत/गोप्य विवरण कुनै पनि व्यक्तिसँग आदान-प्रदान नगर्न आग्रह गरेको हो । पछिल्लो समय विभिन्न पुरस्कार दिने तथा कोरोना बीमाको रकम आयो भन्दै बैंक खाता नम्बर माग गर्ने तथा सहयोग गर्ने बहानामा खाताको गोप्य विवरण माग भइरहेको छ ।

बालबालिका माथि हिंसा, दुर्व्यवहार भएको घटना लुकाउनु भनेको बालबालिकालाई अझ बढी जोखिममा पार्नु हो । तुरुन्त उजुरी गरौं, बालबालिकाको संरक्षण गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## विश्व समाचार

# तालिबानको आक्रमण प्रयास विफल, २० तालिबानी लडाकू मारिए

हेरात, अफगानिस्तान, १७ असार (रासस-सिन्ह्वा) ।

अफगानिस्तानको पश्चिमी प्रान्त हेरातको घोरयान जिल्लामा तालिबानी समूहले गरेको आक्रमणलाई सरकारी फौजले विफल बनाएको छ । प्रान्तीय सरकारले जारी गरेको विज्ञप्तिमा सैनिक कार्यवाहीमा २० जना तालिबानी लडाकूको ज्यान गएको र अरु कैयौं घाइते लडाकूहरु त्यहाँबाट भागेको उल्लेख छ ।

बिहीबार बिहानै सयौं तालिबानी लडाकूहरुले घोरयान जिल्लालाई चारै तर्फबाट घेरा हाली आक्रमण गरेका थिए । आक्रमणमा संलग्न २० जनाभन्दा बढी लडाकू घाइते भएको पनि विज्ञप्तिमा उल्लेख छ । सरकारी सेनाले हवाई सहायताबाट तालिबान समूहमाथि आक्रमण गरेको थियो ।

सरकारी फौज तर्फ एक जना सुरक्षाकर्मीको मृत्यु भएको छ भने एक जना घाइते भएका छन् । सेनाले घोरयान जिल्लाको सदरमुकाम र आसपासका क्षेत्रमा सक्रिय तालिबानी समूहलाई लखेट्न थप कार्यवाही गर्ने तयारी गरेको छ ।

अफगानिस्तानको मुख्य विद्रोही समूह तालिबानले हाल ७० भन्दा बढी जिल्लालाई आफ्नो नियन्त्रणमा लिइसकेको बताइएको छ । तालिबान समूहले घोरयान जिल्लाका बारेमा कुनै प्रतिक्रिया जनाएको छैन । अफगानिस्तानमा विगत २० वर्षदेखि रहेका अमेरिकी र नेटो आबद्ध सेनाले आगामी सेप्टेम्बर ११ अगावै अफगानिस्तान छाड्ने भएपछि तालिबान समूहले सरकारी फौजमाथि आक्रामक नीति अपनाएको छ ।

# बेलायतमा जनवरीपछिकै सबैभन्दा धेरै सङ्क्रमित भेटिए

लन्डन, १७ असार (रासस/सिन्ह्वा) ।

बेलायतमा गएको जनवरी महिना पछिकै सबैभन्दा धेरै कोरोना भाइरसका सङ्क्रमित बुधबार भेटिएका बताइएको छ । बेलायतमा पाँच महिनापछि बुधबार सबैभन्दा धेरै कोरोना सङ्क्रमित भेटिएका बताइएको हो । त्यहाँको सरकारी निकायले सार्वजनिक गरेको तथ्यांकमा बुधबार पाँच महिना यताकै धेरै सङ्क्रमित भेटिएको पाइएको छ ।

बुधबार त्यहाँ २६ हजार ६८ जना कोरोना भाइरसका सङ्क्रमित भेटिएका हुन् । गएको २४ घन्टामा बुधबार ती सङ्क्रमित भेटिएको यहाँको स्वास्थ्य मन्त्रालयलाई उद्धृत गर्दै यहाँका सञ्चारमाध्यमहरुले जनाएका छन् । त्यहाँ यो भन्दाअघि गत जनवरी महिनामा यतिधेरै संक्रमित देखिएका थिए । यहाँ अहिलेसम्ममा देशभरिमा कोरोनाका ४८ लाखभन्दा बढी संक्रमित भेटिएका पाइएको छ ।

बेलायतमा कोरोना भाइरसबाट अहिलेसम्म कम्तीमा १ लाख २८ हजार १४० जनाको मृत्यु भइसकेको छ । यहाँ बुधबार मात्र १४ जना सङ्क्रमितको मृत्यु भएको बताइएको छ । अधिकारीहरुले पछिल्लो समयमा फेरि बेलायतमा दैनिक देखिने संक्रमितहरुको संख्या बढ्न थालेको बताएका छन् । यहाँ सङ्क्रमित देखिएको तुलनामा मृत्यु दर भने कम हुँदै गएको पाइएको छ । यहाँ केही महिना अघिदेखि सङ्क्रमितहरु घट्दै गएकोमा पछिल्ला केही हप्तामा सङ्क्रमितहरु बढ्दै गएको देखिएको समाचारमा जनाइएको छ ।

# क्यानाडाको तापक्रम अहिलेसम्मकै उच्च, गर्मीबाट २३० जनाको मृत्यु

ओट्टावा, १७ असार (रासस/सिन्ह्वा) ।

क्यानडामा अत्यधिक गर्मीका कारण पछिल्ला केही दिनमा आएको तातो हावामा परेर कम्तीमा पनि २३० जनाको मृत्यु भएको छ । क्यानाडाका अधिकारीहरुले दिएको जानकारीअनुसार क्यानाडाको तापक्रम अहिलेसम्मकै सबैभन्दा उच्च विन्दुमा पुगेको छ । यस तापक्रमका कारण तातो हावा चलिरहेको बताइएको छ ।

यसैकारण ती नागरिकको मृत्यु भएको हो । यहाँका विभिन्न स्वास्थ्य समस्यासँग जुधिरहेका वृद्ध मानिसहरुलाई यो तातो हावाले बढी असर गरेको छ । मृत्यु हुनेमा धेरैजसो तिनै नागरिकहरु परेका बताइएको छ । क्यानाडाको खासगरी ब्रिटिश कोलम्बिया प्रान्तका नागरिक बढी प्रभावित भएका छन् । जसका कारण यहाँका नागरिकमा विभिन्न स्वास्थ्य समस्याहरु पनि देखिएको यहाँका स्वास्थ्य क्षेत्रका अधिकारीहरुले जानकारी दिएका छन् ।

प्राप्त समाचार अनुसार मंगलबार मात्र क्यानाडाको तापक्रम अधिकतम ४९.६ डिग्री सेल्सियसमा पुगेको थियो । यहाँ यो अहिलेसम्मकै उच्च तापक्रम भएको बताइएको छ । क्यानाडाको तापक्रम बुधबार चौथो दिन पनि उच्च नै रहेको बताइएको छ । अमेरिकाको उत्तर पश्चिमी क्षेत्रमा पनि तापक्रम निकै बढेको छ । तातो हावाका कारण अमेरिकाका यी क्षेत्रमा पनि केही मानिसको ज्यान गएको बताइएको छ ।

तातो हावाका कारण ब्रिटिश कोलम्बिया क्षेत्रमा जनजीवन नै प्रभावित भएको छ । ब्रिटिश कोलम्बिया प्रान्तको लिटन गाउँमा सबैभन्दा धेरै तापक्रम देखिएको छ । उक्त गाउँका स्थानीयहरुका अनुसार अहिले सो गाउँबाट मानिसहरु बाहिर निस्किन सक्ने अवस्था देखिएको छैन । क्यानाडाको भ्यानकुभरमा मात्रै गत शुक्रबारयता ६५ जनाको मृत्यु भएको बताइएको छ । यसरी मृत्यु हुनुमा अत्यधिक गर्मी नै प्रमुख कारण रहेको यहाँका स्वास्थ्य क्षेत्रका अधिकारीको भनाइ छ ।

# बंगलादेशबाट आइपुग्यो ४५ हजार मेट्रिकटन युरिया मल

वीरगञ्ज, १७ असार (रासस)।

बङ्गलादेशबाट खरीद गरिएको ४५ हजार मेट्रिक टन युरिया मल नेपाल आइपुगेको छ। सरकार-सरकारबीच (जिटुजी)मार्फत रासायनिक मल खरीद सम्झौता अनुसार कृषि सामग्री कम्पनी लिमिटेड प्रादेशिक कार्यालय वीरगञ्ज, विराटनगर र भैरहवामा सो परिमाणको युरिया मल आइपुगेको हो।

जिटुजी सम्झौता अनुसार बङ्गलादेश सरकारले नेपाल सरकारलाई ५० हजार मेट्रिकटन युरिया मल उपलब्ध गराउनेछ। तीमध्ये बाँकी रहेको पाँच हजार मेट्रिक टन युरिया मल आउने क्रममा रहेको कृषि सामग्री कम्पनी लिमिटेड प्रादेशिक कार्यालय वीरगञ्जका प्रवन्धक गोरखनाथ केसीले बताउनुभयो।

उहाँका अनुसार बङ्गलादेशबाट उपलब्ध हुने ५० हजार मेट्रिकटन बाहेक थप दुई हजार मेट्रिकटन युरिया मल नेपाल आउने भएका छन्। यसवर्ष धान रोप्ने समयमा मलको अभाव नहुने उहाँको भनाइ छ। सम्झौता अनुसार हालसम्म नेपाल सरकारले सबै मल प्राप्त गरी सक्नु पर्नेमा अहिले विश्वव्यापी रूपमा फैलिएको कोरोना सङ्क्रमणका कारण सबै क्षेत्र प्रभावित भएकाले बाँकी मल आउन केही ढिलाई भएको प्रवन्धक केसीले बताउनुभयो।

सम्झौता अनुसारको बाँकी पाँच र थप दुई गरी कूल सात हजार मेट्रिकटन मल एक हप्ताभित्रै लिमिटेडको प्रादेशिक कार्यालय वीरगञ्ज, विराटनगर र भैरहवामा आइपुग्ने बताइएको छ। नेपाल सरकारले धानको सिजनमा मलको अभाव हुन नदिन (जिटुजी)मार्फत खरीद गरेर बङ्गलादेशबाट ५० हजार मेट्रिकटन मल ल्याउन लागिएको हो।

अघिल्लो वर्षसम्म मलको अभाव खेपीरहेका किसान यो वर्ष समयमै मल पाउँदा खुशी भएका छन्। केही दिन यता मनसुन सक्रिय भई पानी परेकाले पर्सामा हालसम्म ३० प्रतिशत धान रोपाइँ सम्पन्न भएको छ। समयमै धान रोपाइँ सम्पन्न हुँदा यो वर्ष जिल्लामा २५ प्रतिशतले उत्पादन बढ्ने अनुमान गरिएको कृषि ज्ञान केन्द्र पर्साका अधिकृत सुरेशप्रसाद चौरसियाले बताउनुभयो। पर्सामा कूल ४६ हजार ६ सय हेक्टर क्षेत्रफलमा धान खेती हुँदै आएको छ।

कृषि सामग्री कम्पनी लिमिटेड प्रादेशिक कार्यालय वीरगञ्जमा अहिले युरिया मल एक हजार ७ सय मेट्रिकटन, डिएपी ७६० मेट्रिकटन र पोटास ८२० मेट्रिकटन मौज्दात अवस्थामा रहेको छ। मौज्दात रहेको उक्त मलले पहिलो चरणको धान खेतीका लागि पर्याप्त हुने देखिन्छ। पर्सा जिल्लास्थित १ सय ३१ थोक विक्रेतामार्फत् सो मल किसानसम्म पुग्ने गरिन्छ। सो कार्यालयले थोक विक्रेतालाई एक पटकमा एक सय ३० बोरासम्म मल दिने गरेको छ। विक्रेताहरूले स्थानीय तहले तोकेको मूल्यमा किसानहरूलाई मल बिक्री गर्ने गरेको छ।

कतिपय विक्रेताले किसानसंग तोकेको मूल्यभन्दा बढी मूल्य लिएर मल बिक्री गर्ने गरेको गुनासो समेत आउन थालेपछि सम्बन्धित स्थानीय तहले त्यस्ता कालोबजारी गर्ने थोक बिक्रेतालाई कारवाही गर्नुपर्ने मांग किसानको छ। पर्सामा ९० प्रतिशत किसान व्यवसायिक रूपमा धान खेती गर्दै आएका छन्।

# कोरोनाबाट मुक्त हुनेको संख्या ६ लाख नाघ्या

**दैनिक समाचारदाता**
**काठमाडौं, १७ असार।**

नेपालका कोरोना भाइरसको संक्रमणबाट मुक्त हुनेको संख्या ६ लाख नाघेको छ।

२४ घण्टामा चार हजार १७ जना निको भएसँगै नेपालमा कोरोना संक्रमणबाट मुक्त हुनेको संख्या ६ लाख एक सय ४९ पुगेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ।

पछिल्लो समय कोरोना संक्रमण निको हुनेहरू बढेसँगै सक्रिय संक्रमितको संख्या पनि घटेर ३१ हजार तीन सय ६८ मा झरेको छ। अहिले निको हुने दर ९३ दशमलव सात प्रतिशत रहेको मन्त्रालयले जनाएको छ।

यस्तै पछिल्लो २४ घण्टामा दुई हजार सात सय ६० जनामा कोरोना संक्रमण पुष्टि भएको छ। सात हजार एक सय ३० नमुनाको पीसीआर परीक्षण गर्दा एक हजार आठ सय ५७ र तीन हजार आठ सय ५५ जनाको एन्टिजेन परीक्षण गर्दा नौ सय तीन जनामा संक्रमण पुष्टि भएको मन्त्रालयले जनाएको छ।

यस्तै थप ३३ जनाको कोरोना संक्रमणका कारण ज्यान गएको विवरण प्राप्त भएसँगै अहिलेसम्म ज्यान गुमाउनेको संख्या नौ हजार एक सय ४५ पुगेको छ।

# नागरिकता अध्यादेश पेश भएकामा नियमापत्ति

काठमाडौं, १७ असार (रासस)।


सर्वोच्च अदालतले नेपाल नागरिकता (पहिलो संशोधन ) अध्यादेश, २०७८ तत्काल कार्यान्वयन नगर्न भनी अन्तरिम आदेश दिएपछि पनि राष्ट्रियसभाको बिहीबारको बैठकमा सदस्य रामनारायण बिडारीले नियमापत्ति गर्नुभएको छ।

राष्ट्रियसभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले उपप्रधानमन्त्रीका तर्फबाट भौतिक पूर्वाधार तथा यातायातमन्त्री वसन्तकुमार नेम्वाङलाई उक्त अध्यादेश पेश गर्न अनुमति दिनुभएपछि सांसद बिडारीले नियमापत्ति गर्नुभएको हो।

सर्वोच्च अदालतले गत जेठ २७ गते उक्त अध्यादेश तत्काल कार्यान्वयन नगर्न आदेश दिएको थियो। प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबरालगायतको संवैधानिक इजालसले उक्त अध्यादेश यथास्थितिमा राख्न आदेश जारी गरेको थियो।

संविधानको अन्तिम व्याख्याता सर्वोच्च अदालत नै भएको जनाउँदै उहाँले अध्यादेश पेश नगर्न आग्रह गर्नुभयो। सभाध्यक्ष तिमिल्सिनाले सांसद बिडारीले उठाएको नियमापत्तिका सम्बन्धका ध्यानाकर्षण भएको जनाउँदै त्यसबारेमा सम्बन्धित मन्त्रीले स्पष्ट पार्ने बताउनुभयो।

सांसद बिडारीको उक्त आग्रहपछि मन्त्री नेम्वाङले सर्वोच्च अदालतमा रिट निवेदन परी तत्काल कार्यान्वयन नगर्नू भन्ने फैसला आएकाले जानकारीका लागि मात्रै पेश गरिएको बताउनुभयो।




विद्यालयमा लैंगिक समानताको वातावरण तयार गरौं
सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गरौं
विद्यालय भर्ना अभियान २०७८ सफल पारौं

**सामाजिक विकास मन्त्रालय**
**शिक्षा विकास निर्देशनालय**
**जनकपुरधाम, प्रदेश २**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*